(क) तह्रौं (ख) स्यांजा (ग) कास्की (घ) गोरखा (ङ) लमजुङ्ग र (च) पर्वत ।

९. राप्ती अञ्चलका:–

(क) दाङ देउखुरी र (ख) सल्यान ।

१०. भेरी अञ्चलका सबै जिल्लाहरू ।

आज्ञाले–
चित्रबहादुर के. सी.
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## स्वास्थ्य मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले बनाएको निम्न लेखिएबमोजिमको बिफर नियन्त्रण (पहिलो संशोधन) नियमावली २०२७ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### बिफर नियन्त्रण (पहिलो संशोधन) नियमावली २०२७

बिफर नियन्त्रण नियमावली २०२३ (यसपछि "मूल नियमावली" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बिफर नियन्त्रण ऐन २०२० को दफा १९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छ:–

१. संक्षिप्त नाम र प्रारम्भ:– (१) यी नियमहरूको नाम "बिफर नियन्त्रण (पहिलो संशोधन) नियमावली २०२७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीको नियम १ मा संशोधन:– मूल नियमावलीको नियम १ को उपनियम २ को सट्टा देहायको उपनियम (२) राखिएको छ:–

(२) यो नियमावली ऐन लागू भएको ठाउँहरूमा ऐन लागू भएको मितिदेखि प्रारम्भ हुनेछ ।

आज्ञाले–
चित्रबहादुर के. सी.
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

2